नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको
सूचना १

## व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ।

(घ) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिम नियुक्त भएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ

३. समितिको गठन: (१) देशको व्यापार विकास र विस्तार गरी मुलुकको अर्थतन्त्र अभिवृद्धि गर्न सहयोग पुर्‍याउने काम समेतको लागि व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति नामको एक समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

(ख) महानिर्देशक, वाणिज्य विभाग -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ङ) वाणिज्यशास्त्र,अर्थशास्त्र, व्यवस्थापन वा कानून विषयमा कम्तिमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट दफा ८ बमोजिमको समितिको सिफारिशमा नेपाल सरकारले मनोनीत गरेका दुईजना -सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

४. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) देशको व्यापार विकास र विस्तार गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ख) देशको व्यापार विकास र विस्तार गरी मुलुकको अर्थतन्त्र अभिवृद्धि गर्न सहयोग गर्ने,

(ग) आन्तरिक व्यापार प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने,



(घ) ग्रामीण क्षेत्रमा उत्पादित कृषि तथा गैरकृषिजन्य वस्तुको आन्तरिक वा वाह्य बजार विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकासद्वारा गरिबी निवारणमा सघाउ पुर्‍याउने,

(ङ) निकासीयोग्य वस्तुको उत्पादनमा वृद्धि ल्याउन सम्बन्धित निकाय बीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,

(च) निकासीजन्य वस्तुको लागि बजार पहिचान गरी व्यापार विविधीकरण गर्न सहयोग गर्ने,

(छ) निकासी प्रवर्द्धन तथा व्यापार विविधीकरणका लागि संस्था स्थापना गर्ने तथा संस्थापित संस्थालाई आवश्यक सहयोग गर्ने,

(ज) निकासीयोग्य वस्तुको गुणस्तरको लागि विदेशी राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग निकासी पैठारी तथा व्यापार व्यवस्थापन सम्बन्धमा प्राविधिक सहयोग आदान प्रदान गर्ने,

(झ) निकासी उन्मुख तथा पैठारी प्रतिस्थापन परियोजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट लगानी गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने,

(ञ) व्यापारसँग सम्बन्धित आवश्यक सूचना, तथ्यांक, जानकारी तथा ज्ञानमूलक विषयको संकलन, प्रकाशन तथा बिक्री वितरण गर्ने तथा सो सम्बन्धी सूचनागृहको रुपमा काम गर्ने,

(ट) वैदेशिक व्यापारमा देखापरेका समस्याको पहिचान गरी सोको समाधानको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ठ) उत्पादित वस्तुको बजार प्रवर्द्धन तथा बजार परीक्षण गर्न सहयोग पुर्‍याउने,

(ड) स्वदेशी तथा विदेशी क्रेता तथा विक्रेताको व्यापारिक भेला गर्ने तथा निजहरुलाई संलग्न गराई विभिन्न किसिमका गोष्ठी, कार्यशाला तथा तालीम सञ्चालन गर्ने,

(ढ) उत्पादित वस्तु वा सेवाको गुणस्तर नियन्त्रण, बीमा, ढुवानी आदिको सरलीकरण तथा निकासी कारोबारसँग सम्बन्धित अन्य सेवाहरुको प्रवर्द्धन तथा सम्वर्द्धन गराउन सहयोग गर्ने,

(ण) समितिको वार्षिक बजेट तथा कार्यक्रम बनाई स्वीकृती गर्ने,

(त) समितिको उद्देश्य पूर्ति गर्न आवश्यक अन्य काम गर्ने।

५. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सदस्य-सचिवले बैठक बस्ने कुराको सूचना र बैठकमा छलफल हुने विषय बैठक बस्नु भन्दा कम्तिमा अठ्चालीस घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले आवश्यक ठानेमा व्यापार तथा निकासीको क्षेत्रसँग सम्बन्धित व्यक्ति वा संस्थाका पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा उपसमितिका सदस्यहरुले पाउने सुविधा तथा उपसमितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ।

... विभाग सिंहदरबार, काठमाडौं

७. कार्यकारी निर्देशक: (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य ... तन गर्नको लागि वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यवस्थापन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्ये दफा ८ बमोजिमको समितिबाट सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवाको अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

८. सिफारिस समिति: (१) समितिका सदस्यलाई मनोनीत गर्न तथा कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | संयोजक |
| (ख) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. पदबाट हटाउन सकने : (१) दफा ७ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी निर्देशकले इमान्दारीपूर्वक काम नगरेको वा पदीय जिम्मेवारी पूरा नगरेको वा निजमा खराब आचरण भएको सम्बन्धमा दफा ८ बमोजिमको समितिले सिफारिस गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

१०. समितिको कोष: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारले कोषमा जम्मा हुने गरी तोकिदिएको कुनै खास रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋणको रकम, तर त्यस्तो रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(घ) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११. समितिको लेखा र लेखा परीक्षण: (१) समितिको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको सम्पूर्ण नगदी तथा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

१२. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो आदेश प्रारम्भ हुँदाका बखत नेपाल सरकारले यस्तै प्रकृतिका कुनै समिति विघटन वा खारेज गरी सो समितिको कुनै तह तथा श्रेणीमा कार्यरत कर्मचारीलाई समितिको कर्मचारीको रुपमा रहने गरी निर्णय गरेमा त्यस्ता कर्मचारी समितिको समान तह तथा श्रेणीको पदमा स्वतः नियुक्त भएको मानिने छ ।



२४८

१३. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने: (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिले वर्षभरी गरेका कामको अतिरिक्त देहायका कुराहरु समावेश गर्नु पर्नेछ:-

(क) निकासीजन्य भनी पहिचान गरिएका वस्तु र त्यसको संभावित बजार,

(ख) नेपालको वैदेशिक व्यापारमा देखापरेका समस्या र तिनको समाधानका उपाय,

(ग) निकासी अभिवृद्धि तथा व्यापार विविधीकरणको लागि गरिएका कार्य,

(घ) समितिले वर्षभरी सञ्चालन गरेको कार्यक्रम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत तथा कार्यक्रमबाट भएको उपलब्धी र भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु ।

(३) समितिले उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदन नेपाल सरकारले आवश्यकता अनुसार सार्वजनिक गर्न सक्नेछ ।

१४. अधिकार प्रत्यायोजन: समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार सदस्य, कार्यकारी निर्देशक वा दफा ६ बमोजिमको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. बैठक भत्ता: सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

१६. नेपाल सरकारसंग सम्पर्क: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. समितिको कार्यालय र नाम : (१) समितिको कार्यालय काठमाण्डौं उपत्यकामा रहनेछ ।

(२) समितिको कार्यालय "व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र" को नामबाट प्रचलित हुनेछ ।

१८. नियम बनाउने अधिकार: यस आदेशको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## सूचना २

नेपाल सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका विकास समितिलाई विघटन गरेको छ :-

१. खण्ड ४२, संख्या ३४ मिति २०४१।८।२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना अनुसार गठन भएको गलैंचा तथा ऊन विकास समिति ।

२. खण्ड २०, संख्या ३४ मिति २०२७।१२।९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना अनुसार गठन भएको नेपाल व्यापार प्रवर्द्धन समिति ।

आज्ञाले,
भरतबहादुर थापा
नेपाल सरकारको सचिव



२४९